# बालकृष्ण समका कवितामा अध्यात्मचिन्तनको प्रेरणास्रोत

*मुक्तराज उपाध्याय* *

***Article History:*** *Received 5 Sep. 2021; Reviewed 20 Oct. 2021; Revised 4 Nov. 2021; Accepted 19 Dec. 2021.*

## *लेखसार*

*ईश्वरचिन्तनबाट आफ्नो काव्ययात्राको पहिलो पाइलो सारेका बालकृष्ण समका कविता पूर्वीय अध्यात्मवादी दर्शनबाट अनुप्राणित रहेका छन् । यिनलाई नास्तिक र भौतिकवादी कविका रूपमा व्याख्या गरिए पनि यिनका अधिकांश कवितामा पूर्वीय अध्यात्मवादी चिन्तनको प्रभाव यत्रतत्र देख्न सकिन्छ । वेद, पुराण, उपनिषद्, गीताजस्ता वैदिक वाङ्मय एवं वेदान्त दर्शनका आत्मा,परमात्मा, बन्धन, मोक्षसँग सम्बन्धित चिन्तनको अभिव्यक्ति उनका कवितामा गरिएकोहुँदा उनी एक अध्यात्मप्रेरित दार्शनिक व्यक्तित्व हुन् भन्ने कुरा पुष्टि हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा ऊ जन्मेको पारिवारिक वातावरण र सामाजिक परिवेशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । बालकृष्ण समको वैयक्तिक, सामाजिक र साहित्यिक जीवनमा पनि उनलाई प्राप्त भएको घरेलु वातावरण र समाजिक परिवेशको प्रत्यक्ष प्रभाव रहेको देखिन्छ । यसै सन्दर्भमा बालकृष्ण समले कविता लेखन र अध्यात्मचिन्तनमा बाल्यावस्थादेखि नै प्राप्त गरेको प्रेरणाको स्रोतको खोजी गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ भने उक्त उद्देश्य प्राप्तिका लागि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी प्राप्त सामग्रीलाई भिन्न-भिन्न उपशीर्षकहरूमा राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।*

***शब्दकुञ्जी :*** *अध्यात्म, भौतिकवादी, आनुवंशिक, अभिजात्य, वैभवशाली, द्वैत ।*

## विषय परिचय

बालकृष्ण समको स्रष्टा व्यक्तित्व सबैभन्दा पहिले कविताको फाँटमा देखा परेको हो । उनीभित्रको काव्यचेतना र अध्यात्मचेतना आठ वर्षकै उमेरमा एकैचोटि प्रादुर्भाव भएका हुन् । बाल्यकालीन प्रथम आभ्यासिक कवितासँगै जन्मन पुगेको अध्यात्मिक चेतना उमेरको बढ्दो क्रमसँगै उतार चढावका अनेक शृङ्खलाहरू पार गर्दै जीवनको अन्ततिर पुग्न लाग्दा अझै बाक्लिँदै र झाँगिदै गएको देखिन्छ । आफूलाई भौतिकविज्ञान र विकासवादी सिद्धान्तका पक्षधर भन्न रुचि राख्ने बालकृष्ण समले आध्यात्मिक चिन्तनलाई जीवनको प्रारम्भिक अवस्थादेखि अन्तिम अवस्थासम्म छोड्न नसक्नुका पछाडि उनले प्राप्त गरेको पारिवारिक आनुवंशिक संस्कार र तत्कालीन सामाजिक वातावरण नै मुख्य जिम्मेवार रहेका छन् । यस आधारमा बालकृष्ण समलाई कविता लेखन र आध्यात्मिक चिन्तनतर्फ अभिप्रेरित गर्ने केकस्ता प्रेरणाका स्रोतहरू थिए भन्ने कुरा जिज्ञासाकै विषय रहेको हुँदा यहाँ त्यस्ता स्रोतहरूको खोजी गरी क्रमिक अध्ययन र विश्लेषण गरिएको छ ।

* उपप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

## जन्म र बाल्यकालीन पृष्ठभूमिबाट प्राप्त प्रेरणा

बालकृष्ण समको जन्म काठमाडौँको ज्ञानेश्वरमा पिता जनरल समर शमशेर जङ्गबहादुर राणा र माता कीर्तिराज्यलक्ष्मीका द्वितीय पुत्रका रूपमा वि.सं. १९५९ साल माघ २४ गते शुक्रबारका दिन भएको हो (सम, २०५४, पृ. १) । उच्च , कुलीन र वैभवशाली राणा परिवारमा जन्मेका बालकृष्ण समको बाल्यकाल भौतिक सुखसुविधामा बितेको थियो । धीर शमशेरका सत्रभाइ छोराहरूमध्ये माहिला भए पनि ल्याइतेपट्टिका सन्तान भएकाले प्रधानमन्त्री बन्ने रोलक्रमबाट वञ्चित बालकृष्ण समका बाजे डम्मर शमशेर जङ्गबहादुर राणालाई उनका दाइभाइहरूले पैसा, पद र प्रतिष्ठाद्वारा प्रशन्न राख्ने चेष्टा गरेका थिए किनकि जीवनभर नेपालको शासक बन्न नपाउने उनको कुण्ठित मानसिकताले कुनै पनि बेला विष्फोटक रूप धारण गर्न सक्थ्यो । त्यसैले यिनलाई पैसा, पद, प्रतिष्ठा, सुरा, सुन्दरी र सङ्गीतको रसरङ्गमा आकण्ठ निमग्न पारेर राख्न चाहन्थे । जसको परिणामस्वरूप यिनको घरमा नाचघरजस्तै बिहान भिसमिसेदेखि आधारातसम्म सङ्गीत गुञ्जिरहन्थ्यो ( सम, २०५४, पृ. ५ ) । अत्यन्तै क्रूर र अत्याचारका अवतार मानिएका समका बाजे कोर्रा लिएर घरभित्र घुम्थे र बेकसुर निर्धा नोकरचाकरहरूलाई ठटाउँथे ( शर्मा, २०४८, पृ. २ ) ।

एउटा कठोर तानाशाही परिवारमा जन्मेर पनि बालक बालकृष्ण सम दयालु, नरम र शिष्ट स्वभावका थिए । यिनमा घरभित्रैको नाट्य र सङ्गीतमय वातावरणले कविता र नाटकतर्फको अभिरुचिलाई अङ्कुरित गराउने काम गऱ्यो ।

'मलाई थाहा थिएन हृदयमा कविता नाटकले गर्भधारण गरेको रहेछ , चरीलाई जस्तै आन्तरिक प्रेरणाले गुँड तयार गर भन्दो रहेछ , म चाहिँ त्यसैले आँसुका तान्द्रातुन्द्री पातपतिङ्गरहरू जम्मा पार्दै हिँड्दो रहेछु । त्यही कवितालाई आह्वान रहेछ'(सम, २०५४, पृ. ९) ।

आफ्ना बाजे डम्मर शमशेरको क्रूर र हिटलरी शैलीले बालक बालकृष्णलाई राणाहरूप्रति बिस्तारै वितृष्णाको बीजारोपण गरायो । राणाविरोधी भावनाको अङ्कुरणका साथै अन्याय र अत्याचारको विरोध गर्ने चरित्रको विकास भयो । त्यतिमात्र नभई आफूभन्दा तेह्र महिना अघि जन्मेका तर बालपक्षघातका रोगी दाजु पुष्कर शमशेरप्रति सम्पूर्ण परिवरको माया र सहानुभूति पोखिएको देख्दा आफूलाई परिवारबाट उपेक्षित र अपहेलित भएको ठान्ने बालमानसिकताका कारणले गर्दा उनमा एकान्तप्रेमी, चिन्तनशील एवं भावुक प्रकृतिको स्वभाव विकसित हुँदै गयो । यस प्रकारको स्वभावले बालक बालकृष्णलाई कविताको एकान्त उपासना र अध्यात्मचिन्तनतर्फ लाग्ने उर्वर परिवेश निर्माण भयो ।

बालकृष्ण समको बाल्यावस्था आफ्नी बज्यै, धाईआमा र दिदी ( गुनकेशरी द्वारे ) को माया ममता र संस्कारबाट पोषित हुँदै अघि बढ्यो । उनले एकलौटी वात्सल्यप्रेम र असाधारण ममता भने गुनकेशरी द्वारेबाटै प्राप्त गरे । बाजे डम्मर शमशेरको आतङ्कले सीमा नघेको बेला शत्रुका डरले कुनै पंक्षी गुँडभित्र पसेझैँ समका निम्ति सुरक्षाको गुँड दिदीको काख थियो । समका निम्ति दिदी आमाभन्दा ठूली, बज्यैभन्दा महान्, धाईआमाभन्दा उच्च थिइन् । दिदीकै कारण उनलाई बिहान सुख थियो, दिउँसो आनन्द थियो, साँझ सन्तोष थियो र राति निद थियो (गौतम, २०५०, पृ. ११२ ) । दिदीको आफूप्रतिको निस्वार्थ प्रेमलाई समले यसरी सम्झेका छन् :

'म उनको छोरो होइन, तैपनि त्यस्तो निस्वार्थ स्नेह गर्ने मैले धेरै थोरै माताहरूलाई देखेको छु । मलाई पनि आफ्ना बज्यै र माताको भन्दा पनि उनको माया लाग्दथ्यो किन ? जस्तो त्यसमा स्वार्थ थिएन, उस्तै त्यसको कारण पनि थिएन'(सम, २०५४, पृ. ६३ ) ।

यसरी आफ्नै जन्मदातृ आमा र बज्यैले भन्दा पनि बढी माया, ममता र स्नेह दिने सुसारेदिदीको दयालु स्वभाव र निस्वार्थ सेवाभावको गहिरो प्रभाव बालक सममा पनि पऱ्यो । बिहानैदेखि अबेर रातिसम्म गुञ्जिरहने गीत सङ्गीत एवं धार्मिक तथा पौराणिक विषयवस्तुमा आधारित नाटकहरूका मञ्चनका प्रारम्भिक अभ्यासका दृष्यहरूले बालकृष्ण समको बालमानसिकतामा पनि आध्यात्मिक चिन्तनयुक्त कविता एवं कविता नाटक सिर्जनाको बीजाङ्कुरण गराउन उपयुक्त वातावरण तयार हुँदै गयो ।

## पारिवारिक वातावरणबाट प्राप्त प्रेरणा

कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको वंशपरम्परा र पारिवारिक वातावरणको महत्त्वपूर्ण भूमिका रहने गर्दछ । व्यक्ति भविष्यमा गएर कस्तो बन्ला भन्ने पूर्वानुमानका निम्ति यी साधक बन्न सक्छन् । बालकृष्ण समकी आमा जुम्लाकी ठकुरीकी छोरी र बाबु काठमाडौँका अभिजात्य राणाजी भएकाले उनले आमाबाट ग्रामीण सरलता, उदारता, कोमलता, दया र नम्रता अनि बाबुबाट अभिजात्यसुलभ शालीनता, आडम्बर (देखावटीपन), अहम्भाव र विलासिताजस्ता आनुवंशिक गुणहरू प्राप्त गरेका थिए भने आफ्नी बज्यै, धाईआमा र सुसारे दिदीहरूबाट परम्परागत धर्म, संस्कार र नैतिक आचरणको शिक्षा पाएका थिए । औपचारिक शिक्षा लिनु पूर्व नै समले घरमा गुरुको निर्देशनमा अंग्रेजी, नेपाली, संस्कृत आदि विषयको अध्ययन गर्ने अवसर पाएका थिए । यिनले आठ वर्षकै उमेरमा उपजाति छन्दको प्रयोग गरी दुई हरफको कविता सिर्जना गरे ।

> माषा (खा) मुठीका सबलाई हेरी ।
>
> राज् हुन्छ नारयण बीष्नु मेरी(सम, २०५४, पृ. ९ ) ।

वि.सं. १९६७ मा लेखिएको यस कवितांशको पादपूर्ति गरी एउटा पूर्ण श्लोक बनाउने काम भने १९६८ सालमा भयो (सम, २०५४, पृ. ११) । यसरी आठै वर्षको उमेरदेखि कविता लेखनतर्फ आकर्षित गर्ने समको पारिवारिक वातावरण नै थियो । सम्पन्न राणापरिवारमा जन्मेका समले घरमै विभिन्न भाषाका साहित्यिक कृतिहरूको अध्ययन गर्ने अवसर प्राप्त गरे । घरको नाटकीय र सङ्गीतमय वातावरणमा हुर्केका समलाई कविता लेखनतर्फ आकर्षित गर्ने प्रेरणा पैतृकसम्पत्तिका रूपमा घरबाटै प्राप्त भयो । समका पिता समर शमशेर कविता लेखनमा रुचि राख्दथे । उनी तुरुन्तै कविता सिर्जना गर्न सक्ने आशुकवि थिए (सम, २०५४, पृ. ९) । समलाई घरैमा पढाउन आउने गुरु तिलमाधव देवकोटा संस्कृत र नेपालीमा कविता रच्थे । पिताका पनि गुरु रहेका तिलमाधव र समर शमशेरका बीचमा यदाकदा हुने साहित्यिक विमर्शलाई सम आनन्द मानेर सुन्दथे । रामायणका श्लोकहरूको अनुसरण गरेर कविता सिर्जना गर्ने आफ्ना पिताको शैलीले समको अन्तःचेतनामा कविताको बीजाङ्कुरण गरायो । 'जब पिताजीबाट कविता बन्न सक्छ भने मबाट किन सक्दैन' भन्ने भावनाको उदयले समलाई कविता सिर्जनातर्फ अभिप्रेरित गरायो ।

आशा, उत्साह र प्रयत्नजस्ता पक्षलाई जीवनको अभिन्न अङ्ग बनाउँदै अघि बढ्ने जो कुनै व्यक्तिलाई पनि उसले गरेका कार्यको प्रशंसाले थप हौसला प्राप्त हुन्छ अनि आफ्नो कार्यप्रतिको लगाव र रुचिमा अझै ऊर्जा थपिन्छ । आफ्ना पिताको अनुसरण गर्दै लेखिएको उपर्युल्लिखित दुई हरफे कविता सिर्जना गर्न सकेकोमा बालक समलाई अपरिमित आनन्दको अनुभूति त भयो नै यसले उनको काव्यिक प्रतिभाको चिनारी घरका अन्य सदस्यहरूमा समेत पुऱ्यायो । कुचो लगाइरहेकी कुस्लिनीका बारेमा तत्कालै श्लोक बनाएर सुनाउँदा बज्यैले अचम्म मानेर बालक समलाई एक सिसि असल अत्तर दिएको घटनाले उनलाई

काव्यिक क्षेत्रमा लाग्ने थप हौसला प्राप्त भयो । यो नै समको जीवनमा उनले गरेको काव्यिक कर्मको प्रथम पुरस्कार थियो ।

बालकृष्ण समका दाजु पुष्कर शमशेर जन्मैदेखि बालपक्षघातका रोगी भएका कारण सम्पूर्ण परिवारका सदस्यहरूको सहानुभूति तिनैमाथि खनिएको थियो । यस प्रकारको व्यवहारले समलाई आफ्नो स्वस्थ शरीरको सबैले ईर्ष्या गरेजस्तो लाग्दथ्यो । बालकका स्वाभाविक प्रवृत्तिअनुसार समलाई आफू पनि बिरामी हुन पाए घरभरिका सबैको माया पाइन्थ्यो भन्ने लाग्थ्यो । दाजुका तुलनामा आफू माया पाउनबाट वञ्चित भएको अनुभूतिले उनलाई मानसिक चिन्तामा डुब्ने, कल्पनाको संसार निर्माण गर्ने, एकान्तप्रेमी प्रवृत्तिको बनायो(शर्मा, २०४८, पृ. २) । जसले कविताको एकान्त साधनामा लाग्ने वातावरण सिर्जना भयो । त्यसैगरी आफ्ना बाजे डम्मर शमशेर जङ्गबहादुर राणाका भाइ रणोद्दीप सिंहको हत्यामा संलग्न रहेको कुरा एवं सत्ता र शक्तिका निम्ति जस्तासुकै अपराध र कुकर्म गर्न पछि नपर्ने दरबारिया संस्कृतिको बोध हुन थालेपछि बालकृष्ण समलाई 'ऐश्वर्य सुखसम्पत्ति, भडक, बडप्पन, आभूषण र विशाल भवन सब रगतको छिटा परेका अशुद्ध हुँदा रहेछन्'(सम, २०५४, पृ. १९)भन्ने लाग्यो । यसप्रकारको दरबारिया परिवेशका कारण अशान्त बनेको समको बालमानसिकताले कविता र ईश्वरीय चिन्तनमै शान्ति भेट्टाउन थाल्यो । फलस्वरूप उनी भक्तिभावयुक्त कविता लेखनतर्फ अझ बढी सक्रिय भए । अब बालकृष्ण समलाई 'कविता सुन्दा आनन्द, सम्झँदा आनन्द, बोल्दा आनन्द, गर्दा आनन्द र गरिसकेपछि पनि आनन्द रहिरहने हुँदा त्यही आफ्नो कर्तव्य हो' भन्ने लाग्न थाल्यो (सम, २०५४, पृ. २३ )।

बाह्र वर्षकै उमेरमा अंग्रेजी कवि वर्डस्वर्थको 'लुसिग्रे' कविताको अनुवाद र त्यसबाट प्राप्त उत्प्रेरणा एवं दरबार हाइस्कुलका हेडमास्टर शारदाबाबुबाट शेक्सपियर र उनको ब्ल्याङ्भर्स शैली बारेको जानकारीले समलाई परम्पराभन्दा भिन्न पश्चिमी काव्यचेतनाको आस्वादनतर्फ अभिमुख हुने सबल आधारभूमि प्राप्त भयो । खासगरी दरबार स्कुलमा पढ्न थालेपछि सम साहित्यको पश्चिमी संसारमा प्रवेश गर्दछन् । यसै समयदेखि चित्रकला र अभिनयतर्फ पनि आकर्षित हुँदै गरेका समलाई अब नेपाली भाषामा प्रकाशित भइरहेका नयाँ नयाँ रचनाहरू पढ्ने अवसरले काव्य रचनामा नयाँ चेतना तथा स्फूर्ति प्राप्त हुन्छ ( उपाध्याय, २०४५, पृ. ७९) । भानुभक्तीय काव्यप्रभावबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका सम लेखनाथ पौड्यालका *बुद्धिविनोदर ऋतुविचार* (१९७३) जस्ता काव्यकृतिहरूको प्रकाशनसँगै लेखनाथीय प्रभावबाट समेत प्रभावित हुन पुग्छन् ।

अन्तःचेतनामा लुकेर रहेका जन्मजन्मान्तरदेखिका कुसंस्कार एवं कलुषित भावनाहरू समूल नष्ट गरी अन्तःकरणमा ईश्वरीय सद्‌गुणहरूको उदय गराएर आत्मा (अन्तःकरण)लाई शुद्ध बनाउने कार्यमा लाग्नु अध्यात्मचिन्तन हो । अन्तःकरणको शुद्धिविना ज्ञानप्राप्त हुन सक्दैन र ज्ञानविना मोक्ष सम्भव हुँदैन । अध्यात्मचिन्तनमा लागेका व्यक्तिका लागि जीवनको चरम लक्ष्य भनेकै धर्म, अर्थ, काम र मोक्ष गरी चार पुरुषार्थको प्राप्ति हो । यद्यपि बालकृष्ण समको बाल मस्तिष्कले यी कुराहरूको बोध गर्नु अघि आफ्नो घर, परिवार र सुसारेदिदीका धार्मिक अनुष्ठान र क्रियाकलापहरूलाई नजिकबाट हेर्दै र तिनलाई संस्कारका रूपमा आत्मसात् गर्दै अघि बढ्दै गए । हरेक आश्चर्यजनक घटनामा दैवीशक्तिको भूमिकालाई स्वीकार्ने तत्कालीन सामाजिक परिवेशको छाप समको बालमानसिकतामा पनि पर्दै गयो ।

आफ्ना दाजु पुष्कर शमशेरको अस्वस्थ शारीरिक अवस्थाका कारणले गर्दा परिवारका अधिकांश सदस्य र बाहिरबाट आउनेहरूबाट समेत प्राप्त हुने उपहार र सहानुभूतिको ओइरोले बालकृष्ण समको बाल मानसिकतामा एकप्रकारको मनोवैज्ञानिक समस्या उत्पन्न गरेको थियो । उनी दाजुभन्दा स्वस्थ भएर पनि आफूलाई दुःखी ठान्दथे र भगवान् विष्णुको तस्विरमुनि हात जोरेर प्रार्थना गर्दथे 'हे ईश्वर, म पनि रोगी

होऊँ, प्यार पाऊँ...'। भारतीय लेखक रवि वर्माले लेखेको *ध्रुवलीला* नाटकमा चित्रित बाबुको काखबाट घोक्रयाएर हेला गरिएको बालक ध्रुवजस्तै सम पनि आफूलाई परिवारबाटै अपहेलित भएको ठान्दथे । आफ्नो घरको रङ्गशालामा प्रायः प्रदर्शन गरिने *नागलीला*मा कृष्णको मायाले नन्द जशोदा रोएको र बलरामले नाचेर फुल्याउँदै गीत गाएको दृश्य हेर्दा दर्शकहरूसित आफू पनि रुने गरेको घटनाले सम दुःखलाई राम्रो र मिठो मान्न थालेको अनि आँसुलाई नै कविताको मातृभाषाका रूपमा बुझ्न थालेको अनुभूति गर्दछन् (सम, २०५४, पृ. ६) ।

समलाई जन्मेदेखि स्याहारसुसार गर्दै आएकी बुढीदिदी उनलाई विशिष्ट विद्वान् र सुसांस्कृतिक व्यक्तित्व बनाउन चाहन्थिन् । त्यसैले पढाइलेखाइका सन्दर्भमा यिनी ज्यादै कठोर थिइन्, समको हात बाउँडिउन्जेल लेखाइरहन्थिन् । शारीरिक रूपमा अस्वस्थ आफ्ना दाजु बिरामी पर्दा भेट्न आउने हरेक व्यक्तिले केहीन केही भौतिकवस्तु लिएर आउनु पर्थ्यो तर बालक सम बिरामी पर्दा भेट्न आउनेले भने भौतिकवस्तु नभई प्रेरणादायी आत्मकथा, पुराण, इतिहास र आध्यात्मिक भावना भेट गर्नुपर्ने नियम यिनै दिदीले बसालेकी थिइन् । त्यसैगरी बालकृष्ण समकी एउटी धाईआमा थिइन्, जसले राति सुत्नेबेलामा होमनाथको कृष्णचरित्रको पाठ गरेर निद्रा बोलाइदिन्थिन् भने दिदीचाहिँ भानुभक्तीय रामायण गाएर बिहानको निद्रा खुलाइदिन्थिन् । यसरी बालक सममा यी दुई ममतामयी धाईआमा र सुसारेदिदीमा रहेको धार्मिक एवं आध्यात्मिक आचरण र आफ्नै पिता समर शमशेरले रामायणको सिको गर्दै रचना गरेको 'हरे यो संसारमा हरिभजि हुन्या मुक्ति जनमा । सदा ज्ञानी जन्ले फरक नगरून् कृष्ण मनमा ॥'जस्ता कविताका भाव र संरचनाले बालक समको कलिलो मानसिकतामा अध्यात्मप्रतिको गहिरो छाप पर्न गएको देखिन्छ । त्यस्तै वर्षैभरि घरमै मनाइने एकादशी, शिवरात्रि, रामनवमी, कृष्णाष्टमी, नवरात्रिजस्ता पर्वहरूमा गरिने व्रत, पूजा, पाठ, अनुष्ठान र बेलामौकामा गरिने शक्तिपीठहरूको दर्शन आदिबाट पनि बालकृष्ण सममा संस्कारगत रूपमा अध्यात्मप्रतिको विश्वास दृढ हुँदै गएको पाइन्छ (सम, २०५४,पृ. २३) ।

यसरी बालकृष्ण समलाई कविता लेखनसँगै अध्यात्मचिन्तनतर्फ अभिप्रेरित गर्नमा उनको घरको सङ्गीतमय वातावरण, पिता समर शमशेरको कविताप्रतिको अनुराग, भानुभक्तीय रामायण र कृष्णचरित्रजस्ता धार्मिक ग्रन्थहरूका साङ्गीतिक लयात्मक पाठ श्रवण, बेलामौकामा दरबारभित्रै मञ्चन गरिने आध्यात्मिक भावयुक्त नाटकहरू, सुसारेदिदीमा रहेको शिक्षाप्रतिको लगाव र धार्मिक आचरण आदिको संयुक्त प्रभाव र प्रेरणा मुख्य रहेका छन् । त्यतिमात्र नभई लेखनाथ पौड्यालको काव्यकला, दरबार स्कुलमा प्राप्त भएको शिक्षादीक्षा अनि गुरु र साथीहरूको हौसला र प्रोत्साहनको पनि महत्त्वपूर्ण भूमिका रहेको छ ।

## शिक्षा र स्वाध्यायनबाट प्राप्त प्रेरणा

चार वर्षकै उमेरमा अक्षरारम्भ गरेका बालकृष्ण सम औपचारिक शिक्षा प्राप्त गर्न वि. सं. १९७० फागुनदेखि दरबार स्कुलमा भर्ना भए (गौतम, २०५०, पृ. २१५) । एघार वर्षको उमेरमा स्कुल भर्ना भएका समले दस कक्षासम्म त्यहीं अध्ययन गरी कलकत्ताबाट म्याट्रिक उत्तीर्ण गरे । त्यसपछि इन्जिनियर बनाउने उद्देश्यका साथ उनका पिताले उनलाई त्रिचन्द्र कलेजमा भर्ना गरिदिए । त्यहाँ विज्ञान विषय लिई पढ्दै गरेका समले आफ्नो इच्छा विपरीत पढाइलाई बिचैमा छाडेर सैनिक सेवामा लाग्नु पर्‍यो । उच्च शिक्षा हासिल गर्ने आफ्नो उत्कट अभिलाषा हुँदाहुँदै पढाइ छाड्नु परेकोमा सम निकै दुःखी थिए । यहीँबाट समको औपचारिक शिक्षा समाप्त भयो तर उनले विश्वविद्यालयबाट लिइने शिक्षा र प्राप्त गरिने ज्ञानभन्दा बढी ज्ञान स्वध्ययनबाटै प्राप्त गरे । उनले आफ्नो जीवनकालमा पूर्व र पश्चिमका ज्ञान, विज्ञान, साहित्य, सङ्गीत

र कलासित सम्बन्धित अनेक ग्रन्थहरूको व्यापक र विस्तृत अध्ययन गरी आफ्नो प्राज्ञिक एवं उच्चकोटीको बौद्धिक व्यक्तित्वको निर्माण गर्न सफल भए ।

औपचारिक शिक्षा आरम्भ गर्नु पूर्व नै समलाई घरैमा गुरुको निर्देशनमा अङ्ग्रेजी, नेपाली, संस्कृत आदि भाषाका ग्रन्थहरूको अध्ययन गर्ने अवसर प्राप्त थियो । बाल्यावस्थादेखि नै रामायण, कृष्णचरित्रजस्ता धार्मिक काव्यभित्रका कथाहरूबाट परिचित हुने अवसर प्राप्त गरेका समले सानै उमेरमा संस्कृतमा लेखिएका *दुर्गा सप्तशती* (चण्डी), *चाणक्यनीतिदर्पण, श्रीमद्भागवत्गीता*जस्ता धार्मिक पुस्तकहरू पढिसकेका थिए । गुरु पीताम्बरबाट श्रीहर्ष, कालिदास, भवभूति, माघ, भारवि आदिका चमत्कारपूर्ण उक्तिहरू सुनेका थिए । उनले विद्यार्थी जीवनमै लेखनथ पौड्यालका *बुद्धिविनोद* र *सत्यकलि संवाद* पढिसकेका र यी रचनाहरूबाट प्रभावित समेत भएका थिए (उपाध्याय, २०५४, पृ. ६८) । गुरु पद्मदत्त रटौरीको ‘भोगमा क्षणिक आनन्द मिल्ला तर योगमा स्थायी आनन्द मिल्छ’भन्ने भनाइबाट प्रभावित समले १९९० सालको महाभूकम्पबाट आफ्ना परिवारजनलाई कुनै नोक्सानी नभए पनि उपत्यकाबासीहरूले भोग्नुपरेको महाविपत्तिलाई प्रत्यक्ष देख्नुपर्दा ‘संसारमा दुःखमात्र रहेछ’ भन्ने बोधले उनको मानसिकतामा अझै बढी जरा गाढ्यो । उनले संसारलाई असार देख्न थाले , कतै आनन्द नभएको जीवनलाई असारे फूलजस्तै सुन्दर तर क्षणिक देख्न थालेका समले पूर्वीय दर्शनबाट मात्र सत्, चित्, आनन्द प्राप्त हुने कुरालाई बुझेर यसतर्फ झनै आकृष्ट हुँदै गए (सम, २०५४, पृ. ३०३) । यसरी दर्शनतर्फ आकृष्ट भएका समले उमेरको बढ्दोक्रमसँगै वेद, उपनिषद् र स्मृतिहरूका साथै दार्शनिक ग्रन्थहरूको गम्भीर अध्ययन गर्दै गए । उनले अद्वैतवादी वेदान्ती बादरायण व्यासको ब्रह्मसूत्र, निर्विशेषाद्वैतवादी शङ्कराचार्यको शाङ्करभाष्य, विशिष्टाद्वैतवादी माध्वाचार्यको माध्वभाष्य, द्वैताद्वैतवादी निम्बार्कको निम्बार्कभाष्य, शुद्धाद्वैतवादी बल्लभको बल्लभभाष्य, अविभागाद्वैतवादी विज्ञानभिक्षुको विज्ञानभिक्षुभाष्य, कपिलको निरीश्वर साङ्ख्यसूत्र, पतञ्जलिको सेश्वर साङ्ख्यसूत्र र योगसूत्र, परमाणुवादी कणादको निरीश्वर वैशेषिकसूत्र, बुद्धिवादी तथा ईश्वरवादी अक्षपाद गौतमको न्यायसूत्र, शब्दवादी जैमिनीको मीमांसासूत्रका साथै जैन र बौद्ध धर्मका ग्रन्थहरूको गहन अध्ययनबाट आफ्नो दार्शनिक वैचारिक दृष्टिकोण निर्माण गरेका थिए भन्ने कुरा समकै भनाइहरूबाट स्पष्ट हुन्छ (सम, २०४९, पृ. १३९-४१) ।

आध्यात्मिक एवं ईश्वरीयचिन्तनयुक्त पारिवरिक वातावरण र संस्कारमा हुर्किएका बालकृष्ण समको ध्यान विज्ञान विषय लिई त्रिचन्द्र कलेजमा पढ्न थालेपछि भने बिस्तारै भौतिकवादी दर्शनतर्फ खिचियो (सम, २०५४, पृ. २३४) । अध्यात्मविनाको विज्ञान क्रूर र विनाशक हुन सक्ने अवस्थालाई बुझेका समले अध्यात्मचिन्तन र दर्शनको अध्ययन गर्न भने छाडेनन् । आफ्ना दाजु पुष्कर शमशेरसँग ईश्वर, मृत्यु, सत्य, धर्म आदिका बारेमा घन्टौँसम्म वादविवाद गर्ने समको स्वभावलाई उनको पहिलो सन्तानको जन्मनासाथ भएको मृत्यु र दिदीले ईश्वरका तस्विरहरूलाई उभिन्डचाएको घटनाले अझै बढी दार्शनिक बनाउँदै लग्यो । यस सन्दर्भलाई समले यसरी स्पष्ट पारेका छन् : ‘...म अध्यात्मवादीहरूका सद्भावनासहित भौतिकवादी बन्दै गएँ, विशुद्ध भौतिकवादी होइन, किनभने भौतिकवादको सूक्ष्मता नै मलाई अध्यात्मवाद हो भन्ने लाग्दछ - सूक्ष्मातिसूक्ष्म भूत आत्मा हो, भूतदेखि भिन्न आत्मा छैन’ (सम, २०५४, पृ. २३७) ।यसरी बालकृष्ण सममा भौतिकवादी दार्शनिकचिन्तनको प्रभाव बढ्दै गए तापनि अध्यात्मविनाको भौतिकविज्ञानको कल्पना भने गर्न सकेका छैनन् । समको यसै वैचारिक चिन्तनलाई लिएर प्रगतिवादी समीक्षक गोविन्द भट्टले बालकृष्ण समलाई निम्नअनुसारको आरोप लगाएका छन् :

> ...परम्परागत आध्यात्मिक, अधिभौतिक दृष्टिकोणको मोह छोड्न नसक्नु, सूक्ष्मातिसूक्ष्म भूत नै आत्मा हो र भूतदेखि भिन्न कुनै आत्मा छैन भन्नाका साथै अध्यात्मवादीहरूका सद्भावनामा पनि आस्था राख्नु, विज्ञानलाई मान्ने घोषणा गरेर पनि विशुद्ध भौतिकवादी हुन नसकेर आफ्नै

किसिमको ब्रह्मवादमा अन्तिम सरण लिनु उहाँका दार्शनिक विसङ्गतिका दृष्टान्त हुन् (भट्ट, २०५५: ७९) ।

*नियमित आकस्मिकता*(२००५)र *आगो र पानि* (२०११)मा प्रयुक्त दार्शनिक चिन्तनलाई आधार मानेर बालकृष्ण समलाई भौतिकवादी भन्नेहरूका निम्ति भट्टको उपर्युक्त टिप्पणीले उपयुक्त जवाफ दिएको छ । समका कृतिहरूमा पाश्चात्य भौतिकवादी दर्शनभन्दा पूर्वीय अध्यात्मवादी दर्शन बढी प्रभावकारी रूपमा प्रयोग भएको सन्दर्भ सम आफैंले स्वीकार गरेको कुरा स्वयमप्रकाश शर्माले यसरी उल्लेख गरेका छन् :

> दर्शनको ...अभिरुचिले गर्दा मैले पूर्वीय दर्शन पनि पाश्चात्य दर्शन पनि सबै हेरें । हेर्दा हेर्दै मलाई सबैभन्दा मन पर्ने दर्शन दीर्घतमाको लाग्यो । ईशोपनिषद्भन्दा माथि कसैले विचार गर्न सकेको छैन । ...उतातिर जतिसुकै विचार गरे पनि उनीहरू अलि बुद्धिजीवी छन्, आफ्नो बुद्धिले भेटेसम्म गर्छन् । हाम्रो यतातिर ऋषिमुनिहरूचाहिँ समाधिस्थ अवस्थामा लेख्थे । यिनीहरूसँग बुद्धि प्रशस्त छ अनि बुद्धिभन्दा पनि पर पुगेर यिनीहरू हेर्दछन् । ...कार्लाइल र एमर्सनजस्ता उतातिरका ठूल्ठूला विद्वान्हरूलाई पनि पूर्वीय दर्शनको प्रभाव छ किनभने हाम्रा ती ऋषिहरूले साह्रै उच्च विचार गरेका छन् । ती विचारहरू उच्च श्रेणीमा पुग्दापुग्दै 'ॐखं ब्रह्म' सम्म पुगेका छन् । ...मानिस केसम्म हुन सक्छ भने त्यो समाधिस्थ भएर त्यहीँ बिलाउन सक्छ । ऊ 'अहं ब्रह्मास्मि' सम्म भन्न सक्छ , तर त्यो आकाशलाई समेट्न त सक्दैन । त्यसैले यो हाम्रो दर्शन पल्लो हदसम्म पुगेको छ (*गरिमा* : पूर्णाङ्क २४३, पृ. १७५) ।

यस आधारमा बालकृष्ण सम भौतिकवादी दर्शनभन्दा पनि सूक्ष्म चिन्तन गर्न सक्ने अध्यात्मवादी दर्शनलाई ठहऱ्याउँछन् र भौतिकवादी दर्शन पनि अध्यात्मवादी दर्शनबाटै अनुप्राणित भएको तथ्यलाई स्वीकार्दछन् । ज्ञान र विज्ञानको समन्वय चाहने सम पूर्वीय दर्शनमा महर्षि दीर्घतमा र ईशोपनिषद्का विचारहरूबाट बढीमात्रामा प्रभावित देखिन्छन् ।

महर्षि दीर्घतमा *ऋग्वेद*को प्रथम मण्डलको सूक्त १४० देखि १६४ सम्मका मन्त्रहरूका द्रष्टा हुन् । परम ब्रह्मज्ञानी यी महर्षि तत्कालीन समयका ज्ञानविज्ञानका शिखर पुरुष मानिन्छन् । अग्नितत्त्वका उपासक यिनले त्यतिबेलै पानीभित्र रहेको अग्नितत्त्वलाई पहिचान गरी त्यसमा संसारलाई प्रकाशित गर्ने शक्ति रहेको कुरा अघि सारेका थिए (*ऋग्वेद* : १, १४१, २) । डार्बिनको विकासवादी सिद्धान्तले पत्तालगाएको भनिएको जीवनको तथ्यलाई दीर्घतमाले हजारौं वर्ष पहिले पत्ता लगाएर एक सफल प्राणीशास्त्रीको परिचय दिइसकेका थिए (*ऋग्वेद* : १, १६४, ४) । अर्कोतिर जीवात्मा र परमात्माको सम्बन्ध एवं कर्मफलको प्रथम व्याख्याता पनि दीर्घतमा नै थिए । यसरी ज्ञानविज्ञानको समन्वित प्रयोग गर्दै निष्काम कर्मद्वारा सय वर्षसम्म बाँच्न सन्देश दिने दीर्घतमा र ब्रह्मतत्त्वको उपदेशद्वारा अद्वैत भावनाको सशक्त व्याख्या गर्ने ईशोपनिषद्बाट बालकृष्ण समले प्रशस्त प्रेरणा र प्रभाव ग्रहण गर्दै जीवनको उत्तरार्द्धतिर आइपुग्दा अद्वैतवादी वेदान्त दर्शनको 'अहंब्रह्मास्मि'को अवस्थामा पुगेका देखिन्छन् ।

## सामाजिक परिवेशबाट प्राप्त प्रेरणा

स्रष्टा समाजको एक प्रखर अङ्ग हो । उसको व्यक्तित्व सामाजिक सन्दर्भ र त्यसकै चापप्रतिचापबाट निर्मित हुन्छ । समाजले स्रष्टालाई पारेको प्रभाव वा स्रष्टाले समाजमा देखेका, भोगेका र अनुभव गरेका कुराहरू नै साहित्यिक रचनामा झल्किने हुँदा साहित्य समाज सापेक्ष हुन्छ । बालकृष्ण समको काव्यिक तथा आध्यत्मिक चेतनाको निर्माणमा पनि तत्कालीन सामाजिक परिवेशको महत्त्वपूर्ण भूमिका रहेको छ, यद्यपि

बालकृण समले प्राप्त गरेको प्रारम्भिक सामाजिक परिवेश भने बाहिरी दुनियाँसँग खासै सरोकार नराख्ने निश्चित चौघेरामा सीमाबद्ध निरङ्कुश दरबारिया परिवेश थियो जुन आफैमा एउटा छुट्टै संसार थियो । त्यसभन्दा बाहिर अर्को संसार थियो जहाँ विभिन्न जातजाति र धर्म समुदायका मानिसहरू मिलेर बनेको सादा जीवन र उच्च विचारको आदर्शलाई आत्मसात् गर्दै अघि बढिरहेको थियो । यस समाजमा ईश्वरप्रति अगाध आस्था र धर्मप्रति अटुट विश्वास थियो । शिक्षा र ज्ञानविज्ञानको चेतनाबाट टाढा यस समाजमा अनेक प्रकारका सामाजिक विभेद र अन्धविश्वासजन्य कुरीतिहरू व्याप्त थिए । धर्मद्वारा निर्देशित र धार्मिक आचरणमा अनुरक्त तत्कालीन नेपाली समाजको अन्तिम सहारा ईश्वरभक्ति नै थियो । मानिसको जन्म-मृत्युदेखि लिएर यस भौतिक जगत्मा हुने असामान्य किसिमका परिघटनामा समेत ईश्वरकै शक्ति देख्ने र सांसारिक दु:खकष्टका त्राणकर्ता एवं सुखशान्ति, आनन्द र कल्याण दिने एकमात्र आश्रयदाता ईश्वर नै थिए । विभिन्न धार्मिक ग्रन्थहरूमा निर्देशित अवैज्ञानिक र तथ्यहीन भनाइलाई पनि सत्य ठान्दै विश्वास र अविश्वासको चापमा चेपिँदै अघि बढेको राणादरबारभन्दा बाहिरको समाज दरबारभित्रको समाजभन्दा निकै भिन्न थियो ।

खासगरी वि.सं १९०३ मा कोतपर्वको नरसंहारपछि फेरिएको शासनसत्ताको बागडोर जङ्गबहादुरको हातमा आइसकेपछि एकतन्त्रीय जहानीयाँ राणाशासनको उदय भयो । यस शासन व्यवस्थामा सत्ताको नेतृत्व आफ्नै भाइहरूमा सर्दै जाने नियम बसालियो । यसैक्रममा ४२ साल पर्वले जङ्गबहादुको खलकबाट उनकै भाइ धीरशमशेरका खलकमा सत्ता आएपछि हत्या, हिंसा र षड्यन्त्रद्वारा सत्ता हत्याउने परम्पराले उत्कर्ष प्राप्त गऱ्यो । यसले समाजमा एकप्रकारको आतङ्क र सन्त्रासको व्याप्ति बढ्दै गयो । व्यक्तिस्वार्थमा सबै किसिमका अपराध गर्न छुट सत्ताधारीहरू र तिनका आसेपासेहरूलाई नैतिकता र सच्चरित्रतासँग कुनै सरोकार भएन । सत्ताकेन्द्रित भारदारहरूमा भारतीय मुगलकालीन ठाँटबाँटको प्रभावका साथै युरोपेली सभ्यताले समेत राणादरबारमा प्रवेशको अवसर प्राप्त गऱ्यो, जसले गर्दा दरबारभित्र भोगविलास, ऐसआराम, मोजमस्तिको वातावरण सिर्जना हुन पुग्यो । भोगविलासका निम्ति अनेक साधनहरू जुटाउन थालियो । देशको अर्थतन्त्र सत्ताधारीहरूकै आमोदप्रमोद र ऐसआरामका निम्ति प्रयोग हुन थाल्यो । उनीहरूमा बिस्तारै आडम्बर, दम्भ, विलासिता र कुलीनताको नयाँ संस्कृति विकसित भयो । यस परिस्थितिको प्रभावबाट डम्मरशमशेर र समरशमशेरको दरबार पनि अप्रभावित रहन सकेन ।

रोलक्रमअनुसार विवाहिताबाट जन्मेका सन्तानहरूले मात्र श्री ३ को पदवी पाउने राणाहरूको परम्पराअनुसार ल्याइतेपट्टिबाट जन्मेका बालकृष्ण समका बाजे डम्मरशमशेरले श्री ३ को कुर्सी ताक्नु सम्भव थिएन तर उनी हट्टाकट्टा, बलिया, निर्दयी र क्रूर स्वभावका भएकाले सत्तासीनहरूले उनलाई रसरङ्गमा भुलाई आफ्नो सत्ताको आयु लम्ब्याउने चेष्टा गर्थे । उनलाई खुसी पार्नकै निम्ति दसैँमा महाराज चन्द्रशमशेरले पनि उनीसित टीका थापी असर्फी राखेर सलाम गर्थे (सम, २०५४, पृ. १९) । अन्याय, अत्याचार र क्रूरताका प्रतिमूर्तिजस्तै बनेका बालकृष्ण समका बाजे डम्मरशमशेर गरिब र निमुखा जनता एवं दरबारभित्रका नोकरचाकरहरूलाई दु:ख दिएर र कसुरविनै पनि निर्मम सजायँ दिएर आत्मतुष्टि लिने गर्थे । बाजेको यसकिसिमको दुष्ट्याइँबाट विक्षुब्ध बनेका बालकृष्ण सममा बिस्तारै राणाविरोधी भावना अङ्कुरित हुँदै गयो भने अनाहकमै अत्याचारको सिकार बन्ने गरेका निरीह जनताप्रति सहानुभूतिको भावना विकसित हुँदै गयो ।

धर्ममा आधारित विश्वास र अविश्वासले नेपाली समाज अनादिकालदेखि प्रभावित हुँदै आएको छ । नेपाली समाजले परम्परागत रूपमा अपनाउँदै आएका कतिपय धार्मिक क्रियाकलापहरूलाई अन्धविश्वासका रूपमा हेरिए पनि यसभित्र अन्तर्निहित भावनालाई उपेक्षा गर्न सकिँदैन । धार्मिक कृत्यहरूबाट प्राप्त हुने एकाग्रता, मानसिक शान्ति एवं त्यसपछि प्राप्त हुने आत्मिक आनन्द कुनै पनि भौतिक वस्तुबाट प्राप्त हुने सुखभन्दा

पृथक हुन्छ । व्रतउपासना, यज्ञअनुष्ठान, मठमन्दिरहरूमा देवदेवीको दर्शन एवं दानदातव्यबाट जीवनमा गरेका निकृष्ट कर्मको प्रायश्चित र मरणोपरान्त स्वर्गप्राप्त हुने जनविश्वासबाट निर्देशित रहेको तत्कालीन समाजको सामाजिक प्रभावबाट बालकृष्ण सम पनि प्रभावित थिए । ग्रहगतिले गर्दा भुइँचालो जाने र संसार जलमय हुने ज्योतिषीय भविष्यवाणी सुनेर आतङ्कित भएका बुढाबुढीलाई देखी 'हरे यो संसारमा'(१९६७) भन्ने कविता लेख्न पुग्नु यसैविश्वास र अविश्वासको परिणाम हो । प्रारम्भिक अवस्थाको दुई हरफे आभ्यासिक पद्यमा मनुष्यलाई भगवान् विष्णुका मुठीको तुच्छ माखासरि मान्दै ईश्वरीय परमसत्ताका अघि मनुष्य कति निरीह र तुच्छ रहेको छ र मानवीय जीवन कसरी त्यस परमसत्ताकै कृपामा निर्भर छ भन्ने चिन्तनलाई प्रस्तुत गरेर ईश्वरीय सत्तालाई नै सर्वोच्च स्वीकार गरेका समले त्यसपछि लेखिएको दोस्रो आठ हरफे कवितामा पनि मृत्युका विभीषिकाबाट आतङ्कित भएको मानवको अन्तिम आश्रयस्थल ईश्वरीयसत्ता नै रहेको कुरा उल्लेख गर्न पुगेका छन् ।यथा :

> हरे यो संसार्मा जलथल हुन्या जानि मनमा ।
> ति ज्ञानी जन्हेरू फरक नगरुन् राम मनमा ॥
> तिनै लोकका पीता स्वरग ति उज्याला गगनमा ।
> अधिक सोभा हून्या मणिजडित पाऊ उपरमा ॥.........

ईश्वरीयसत्तालाई नै सर्वोपरि ठान्ने यसप्रकारको चिन्तन धार्मिक विश्वास र अविश्वासमा आधारित तत्कालीन समाजकै प्रभाव हो । त्यसैगरी तत्कालीन समाजमा अत्यन्तै लोकप्रिय रहेका सुब्बा होमनाथको *कृष्णचरित्र* भानुभक्त आचार्यको *रामायण*जस्ता धार्मिक ग्रन्थहरूका श्लोकहरूको लयबद्ध वाचन श्रवण एवं पिता र गुरुको प्रेरणा र प्रभावबाट प्रभावित बन्दै भानुभक्तीय शैलीलाई पच्छ्याउँदै बालकृष्ण समको प्रारम्भिक आध्यात्मिक चिन्तनयुक्त काव्ययात्रा क्रियाशील बनेको छ ।

## निष्कर्ष

आठ वर्षकै उमेरदेखि कविताको उपासनामा लागेका बालकृष्ण सम अग्रज कवि भानुभक्त आचार्य, होमनाथ खतिवडा एवं आफ्नै पिता समर शमशेरको साहित्यप्रतिको अनुरागबाट अनुप्राणित रहेका छन् । वैभवशाली उच्च कुलीन तर कठोर तानाशाही राणापरिवारमा जन्मेर पनि आफूलाई जनताको पक्षमा उभ्याउन सफल सममा आफ्नै बाजे डम्मर शमशेरको क्रूर र हिटलरी शैलीका कारण राणाहरूप्रति नै वितृष्णाको भावना पैदा भई अन्याय र अत्याचारको विरोध गर्ने प्रवृत्ति विकसित हुँदै गयो । ममता र वात्सल्यकी प्रतिमूर्ति सुसारेदिदीबाट यिनले नैतिकआचरण र सदाचारका कुराहरू सिक्ने अवसर प्राप्त गरे दिदीकै प्रेरणा र प्रभावबाट यिनको बाल मानसिकतामा ईश्वरको अस्तित्वप्रतिको अटल विश्वास स्थापित भयो । बाल्यावस्थादेखि नै सुसारेदिदी र धाईआमाको धार्मिक आचरण र स्वभावबाट परिचित र प्रभावित रहेका बालकृष्ण सममा पनि सोहीअनुरूपको आचरण र व्यवहार विकसित हुँदै गयो । त्यसमाथि वैदिक वाङ्मयको गहन अध्ययनले उनीभित्र दार्शनिक एवं वैचारिक दृष्टिकोण निर्माण हुँदै गयो । आफ्नो पहिलो सन्तानको दुःखद् निधनको घटनाले व्यथित बनेका समभित्र ईश्वरीय आस्था र अध्यात्मप्रतिको नजानिदो सन्देह बिस्तारै विकसित हुँदै जाँदा उनी अध्यात्मवादीहरूको सद्भावना सहित भौतिकवादी बन्न पुगे । वि.सं १९९० सालको महाभूकम्पले निम्त्याएको विनाश देख्दा 'संसारमा दुःखमात्र रहेछ' भन्ने दार्शनिक बोधले समको युवा मानसिकतालाई असर गऱ्यो । अन्ततोगत्वा यसको निदान र आनन्दप्राप्तिको मार्ग उनले पूर्वीय दर्शनमै देखे । यसरी सम पूर्वीय अध्यात्मवादी दर्शनतर्फ आकृष्ट बन्दै गए । *नियमित आकस्मिकता*दार्शनिक ग्रन्थको प्रकाशनसँगै सममा भौतिक विज्ञानप्रतिको आकर्षण एवं अध्यात्ममिश्रित भौतिकवादी मानवतावादी

वैचारिक चिन्तनले व्यापकता पाउँदै गयो तर यो वैचारिक चिन्तन स्थायी र दिगो बन्न भने सकेन । जीवनको अन्त्यतिर आइपुग्दा बालकृष्ण सम वैदिक महर्षि दीर्घतमा र ईशोपनिषद्को वैचारिक चिन्तनबाट प्रभावित बन्दै 'अहं ब्रह्मास्मि' 'ब्रह्म सत्यम् जगन्मिथ्या'को अवधारणाका समर्थक बन्न पुगे ।

यसरी आठ वर्षको उमेरदेखि काव्यसाधनामा लागेका बालकृष्ण सम पचहत्तर वर्षको उमेरसम्म पनि सक्रिय साहित्यको सेवामा समर्पित रहेर नेपाली साहित्यको समृद्धिमा अतुलनीय योगदान पुऱ्याई उनान्असी वर्षको ( २०३८) उमेरमा भौतिक शरीर त्याग गरे ।

## सन्दर्भ-सामग्री


अधिकारी, रविलाल. (सम्पा.). (२०५५). *गोविन्द भट्टका समालोचना.* पोखरा : बगर फाउन्डेशन नेपाल ।

ईशादि नौ उपनिषद्. (२०६०). *ईशादि नौ उपनिषद्.* गोरखपुर : गीताप्रेस ।

उपाध्याय, केशवप्रसाद. (२०३२). *केही रचना : केही विवेचना.*काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गौतम, कृष्ण. (२०५०). *आधुनिक आलोचना: अनेक रूप अनेक पठन.* काठमाडौँ : साझाप्रकाशन ।

गौतम, प्रशन्नचन्द्र. (सम्पा). (२०७४). *ऋग्वेद संहिता.* (दोस्रो संस्क), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, खेम. (२०५९). 'कवि सम र काव्य साधना' *गरिमा* २१/३/२४३, पृ. ५२ ।

पराजुली, ठाकुर. (२०४५). *नेपाली साहित्यको परिक्रमा.*काठमाडौँ : नेपाली विद्या प्रकाशन ।

भट्ट, गोविन्द. (२०५४). *गोविन्द भट्टका समालोचना.* नेपाल : बगर फाउण्डेसन ।

शर्मा, ताना. (२०२९). *सम र समका कृति.* ललितपुर : साझा प्रकाशन ।

श्रीमद्भावगद्, (२०६७). *श्रीमद्भागवद्.* गोरखपुर : गीताप्रेसेस ।

सम, बालकृष्ण. (२००५). *नियमित आकस्मिकता.* काठमाडौँ : साझा प्रकाशन ।

…………, (२०११) *आगो र पानी.* काठमाडौँ : साझा प्रकाशन ।

…………, (२०३८) *बालकृष्ण समका कविता.* काठमाडौँ : साझा प्रकाशन ।

…………, (२०५४) *मेरो कविताको आराधन.* ललितपुर : साझा प्रकाशन ।